चौविसे गाउँपालिका

# उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान कार्यविधि २०८०

कार्यपालिकाबाट स्वीकृत मिति २०८०/०६/०८

चौविसे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
राजारानी धनकुटा

# उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान कार्यविधि २०८०

चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रजारानी धनकुटा २०७३

**प्रस्तावना**

चौविसे गाउँपालिकाको पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०७७ को दफा ३६ ले दिएको अधिकार बमोजिम चौविसे गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरिएको छ ।

## परिच्छेद –१

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान कार्यविधि २०८० रहेको छ ।

ख) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) गाउँपालिका भन्नाले चौविसे गाउँपालिकालाई सम्झनु पर्दछ ।

ख) गाउँकार्यपालिका भन्नाले चौविसे गाँउकार्यपालिका लाई सम्झनु पर्दछ ।

ग) वडा समिति भन्नाले चौविसे गाउँपालिकामा गठित वडा समितिहरु सम्झन पर्दछ ।

घ) पशु विकाश शाखा भन्नाले चौविसे गाउँपालिका पशु विकाश शाखा सम्झनु पर्दछ ।

ङ) मन्त्रालय भन्नाले सघिय तथा प्रदशिक कृषि हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

च) अनुदान भन्नाले उन्नत जातको गाई/भैसी खरिदमा ७५ प्रतिशत अनुदानमा खरिद गरेवापत प्रदान गर्ने रकम सम्झनु पर्दछ ।

छ) कृषक भन्नाले चौविसे गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशुपालन गरि वस्ने कृषकलाई सम्झनु पर्दछ ।

## परिच्छेद –२

## कार्यक्रमको उद्देश्य तथा बिशेषता र उपलब्धिहरू

३ उद्देश्य– यस कार्यक्रमको उद्देश्य कृषकहरुलाई उन्नत जातको गाई/ भैसीपालन तर्फ उत्पेरित गरेर यस पालिकालाई दुध तथा दुग्ध जन्य पदार्थ उत्पादनमा आत्मानिर्भर वनाई निकासी समेत गरि कृषकको आर्थिक स्थिती मजबुद बनाउने ।

**४ बिशेषताहरु**

- कृषकहरुलाई गाई/भैसीपालन तर्फ आर्कषण बढ्ने ।
- कृषकको लागत साझेदारी रहने हुदा स्थायीत्व हुने ।
- दुध तथा दुग्ध जन्य पदार्थको उत्पादन तथा उपयोगितामा बृद्धी हुने।
- व्यवसायिक गाई/भैसीपालक कृषकहरुको संख्यामा बृद्धी हुने ।
- एक किसान परिवारले १ (एक) माउ उन्नत गाई/भैसी खरिद गर्न मात्र अनुदान उपलब्ध हुनेछ ।
- उन्नत जातको गाई/भैसी खरिद अन्यत्र पालिका बाट खरिद गर्नुपर्नेछ ।

५ अपेक्षित उपलब्धीहरु– यस कार्यक्रम सञ्चालनबाट देहाय बमोजिमका उपलब्धी हासिल हुनेछन

- पालिका क्षेत्रमा दुधालु गाई/भैसीको संख्यामा बृद्धी भई दुधको उत्पादनमा बृद्धी हुने ।
- रोजगारको सृर्जना हुने ।
- दुग्ध डेरीहरुको संख्यामा बृद्धी हुने ।
- कृषकहरुको आर्थिक स्तरमा सुधार हुने ।



२०८०।६।८

राज कुमार लिम्बु अध्यक्ष

- ५ बर्ष भित्रमा ३०० दुधालु उन्नत जातको गाई/भैसी पालन गर्ने ।
- गाउँभैसी पालन बाट उत्पादित मलबाट कृषि उत्पादनमा थप टेवा पुग्ने ।
- गोवर ग्यास उत्पादित गरि प्रयोग गर्ने सकिने ।

## परिच्छेद –३

## अनुदान सञ्चालन प्रकृया

६ कार्यक्रम संञ्चालन प्रकृयाः

१) पालिकाको गाई/भैसीपालन सम्भावित क्षेत्रलाई आधार मानी कार्यपालिकाले वडाहरु तोके पश्चात कार्यक्रम संञ्चालन गरिनेछ ।

२) गाई/भैसीपालन गरिरहेका किसानहरुलाई / नयाँ इच्छुक कृषकहरुलाई पहिचान गरी दिइनेछ ।

३) गाई/भैसीपालन गरिरहेका किसानहरुलाई अनुदान दिइनेछ ।

४) होलेस्टेन गाई र मुर्रा भैसीकोहकमा बढिमा ७५ हजार जर्सी गाईको हकमा बढिमा ५० हजार मात्र अनुदान रकम दिइनेछ ।

५)पालिका बाट अनुदान लिई उन्नत जातको गाई/भैसीपालन गर्ने चाहाने किसानहरुको लागी पालिकाले १५ दिनको म्याद दिई सुचना प्रकाशन गर्नेछ । सुचना प्रकाशन भएपछि इच्छुक कृषकहरुले अनुसुची – २ बमोजिमको निवेदन भरि अनुसुची- १ मा उल्लेखि कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

६) प्राप्त निवेदकहरु मध्ये सम्बन्धित वडा समितिले परिच्छेद ४ को आधारमा अनुदान ग्राहीको छनोट गरि गाउँपालिकालाई लाई सिफारिस गर्नेछ र वडा कार्यालय बाट सिफारिस भई आएको कृषकहरुको नामावली गाउँकार्यपालिकाले अनुमोदन गर्नेछ ।

७) छनोट भएका कृषकहरुले अनुसुची ३ बमोजिम गाउँपालिका संग सम्झोता गर्नुपर्ने छ ।

८)सम्झोताको कार्य सम्पन्न भएपछी छनोट भएका किसानहरुले वडाध्यक्ष स्वयम वा वडाध्यक्षले तोकेको वडा सदस्य र पशु प्राविधिकहरुले प्रत्यक्ष अनुगमन र सुपरिवेक्षणमा परिच्छेद ५ को मापदण्ड पुरा भएको गाई/भैसी खरिद गर्नुपर्ने छ ।

९) कृषकले गाई/भैसी खरिद गरिसकेपछी पालिका/वडा अनुगमन समितिले अनुमगन पश्चात कृषकले आवश्यक बिल भर्पाइ र फोटो र बिमा पोलिसीको प्रतिलिपी वडा समितिको निर्णय र सम्बन्धित वडा कार्यालयको सिफारिस सहित भुक्तानीको लागी प्रकृया बढाउन वडा समितीले पालिकालाई सिफारिस गनुपर्ने छ ।

१०) उक्त अनुदान रकम गाई/भैसी खरिद पश्चात पालिकाले सम्बन्धित किसानको बैक खातामा अनुदान रकम जम्मा हुने गरि भक्तानी दिनेछ ।

११)अनुदान प्राप्त गर्ने किसानले नियमित रुपमा पशु प्राविधिकको सुपरिवेक्षणमा पालन गर्नुपर्ने छ ।

१२) गाई/भैसी खरिद गरेको १ बर्षसम्म सम्बन्धित किसानले चौमासिक रुपमा पशु विकाश शाखामा अनिवार्य प्रगती पठाउनु पर्नेछ । अनुदानबाट खरिद गरिएको गाई/भैसी ३ बर्षसम्म पालन गर्नुपर्नेछ। सो नगरेमा अनुदान रकम सम्बन्धित कृषकले पालिका लाई अनुदान रकम फिर्ता गर्नुप्रर्नेछ ।

१३)अनुदान प्राप्त गर्ने कृषकलाई पालिकाबाट दिईने सल्लाह तथा निर्देशनपालन गर्नु सम्बन्धीत कृषकको कर्तब्य हुनेछ ।

१४)सम्बन्धित पशुको पशु विमा अनिवार्य गरिनुपर्नेछ ।

## परिच्छेद –४

कृषक छनोटको आधारः

७) दफा ८ बमोजिम अनुदान प्राप्त गर्ने किसानहरुले छनोट गर्दा देहायका आधारहरुलाई अनिवार्य अनुसरण गर्नुपर्ने छ । वडा समितिले अनुदानको लागी किसानहरुको छनोट गरि पठाउदा प्रत्येक किसानको छनोटको आधार पनि उल्लेख गर्नुपर्नेछ।

(क) गाई/भैसीपालन गरिररहेको तथा गाई/भैसी पालनलाई निरन्तरता दिने परिवार ।

(ख) गाई/भैसीपालन गर्न इच्छुक कृषक साथै आवश्यक घाँस लगाएको हुनुपर्ने ।

(ग) गाई/भैसीपालन सम्बन्धी तालिम प्राप्त भएको ।

(घ) दुध बिक्रीको लागी बजारको पहुँच भएको ठाँउ हुनुपर्ने ।
(ङ) बैदेशिक रोजगारबाट फर्किएका तथा स्वदेशमा ब्यवसाय गर्ने चाहाने ।
(च) दुग्ध ब्यवसायलाई निरन्तरता दिन सक्ने ।
(छ) चौबिसे गाउँपालिका क्षेत्रभित्र स्थायी बसोवास गरेको खुल्ने कागजात हुनुपर्ने

चौबिसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

| क्र. सं. | विवरण | प्रतिमाउ दुधालु पशु संख्या (१०) | प्रतिरोपनी घाँस लगाएको क्षेत्रफल (१०) | तालिम(१०) | दुध विक्री गर्ने ठाँउ भएको(१०) | बैदेशिक रोजगार फर्कीआएको (१०) | दुग्ध ब्यवसायलाई निरन्तरता दिने(१०) | स्थायी बसोवास भइको (१०) |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

## परिच्छेद- ५

(१) अनुदानका लागी छनोट भएका किसानले देहायका मापदण्ड अनिवार्य रुपमा पुरा गरेको गाई भैंसी मात्र खरिद गर्नुपर्नेछ ।
१) पहिलो वेद देखी तेस्रो वेद सम्मको हुनुपर्ने छ ।
२) प्रष्ट जातिय गुण देखिने हुनुपर्ने ।
३) कुनै रोग नलागेको हुनुपर्ने । (पशु प्राविधिकको सिफारिस पत्र )
४) दैनिक गाईको हकमा १० लिटर र भैसीको हकमा ७ लिटर दुध दिएको हुनुपर्ने ।

## परिच्छेद- ६

(१) प्रस्तुत कार्यविधिको कार्यान्वियनमा उत्पन्न बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ ।

राज कुमार लिम्बू
अध्यक्ष

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

## अनुसुची-१

### उन्नत जातको गाई/भैसी खरिद कार्यक्रमको प्रस्ताव आब्हानको सुचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/०९/०३

चौविसे गाउँपालिका पशु विकाश शाखाको आ.व २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम अनुसार निजि फर्म/ समुह/ इच्छुक कृषकहरुले कार्यपालिकाको मिति २०८०/८/१४ गतेको निर्णय बमोजिम यो सुचना प्रकाश भएको मितिले १५ औ दिन सम्म सम्बन्धित वडा कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुने आब्हान गरिन्छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागी समावेश हुन नसक्ने ब्यहोरा समेत जानकारी गराइन्छ ।

| क्र.स. | कार्यक्रम | संख्या | कुल अनुदान ७५ प्रतिशत सहकार्य रु | वडा न | कैफियत |
|---|---|---|---|---|---|
| १ | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | १० | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | १ | |
| २ | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | ८ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | २ | |
| ३ | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | ३ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | ६ | |
| ४ | उन्नत जातको गाई/भैसीपालन खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम | ५ | कार्यविधिले तोके बमोजिम अनुदान रकम उल्लेख हुनेछ । | ८ | |
| | जम्मा | २६ | | | |

प्रस्ताव पत्रमाका साथ सम्मिलित हुनुपर्ने कागजातः

१) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।
२) चौविसे गाउँपालिका क्षेत्रमा स्थायी बसोबास खुल्ने कागजात ।
३) दर्ता प्रमाण पत्रको प्रतिलिपी (फर्म र सहकारी संस्था दर्ताको हकमा)
४) जग्गा धनीपुर्जाको प्रतिलिपी वा लिजमा लिएको भए करारनामा सम्झौता पत्र ।
५) ब्यवसायिक कार्ययोजना ।
६) अनुसुची-२ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।
७) आवश्यक परेको खण्डमा अन्यकागजातहरु माग गर्न सकिनेछ ।

..................
पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत

२०८०/९/८

राजकुमार लिम्बु
अध्यक्ष

## अनुसुची-२

श्रीमान् वडाध्यक्ष ज्युँ                                                    मिति....

चौविसे गाउँपालिका

वडा नं.......

विषयः उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान रकम उपलब्ध गरि पाउँ

।

महोदय,

चौविसे गाउँपालिका पशु विकाश शाखाको आ.व.......... मा सञ्चालित कार्यक्रममा म उक्त गाई/भैसी पालन गर्न इच्छुक भएकोले मलाई उक्त कार्यक्रम सहभागी गराईदिन हुन यो निवेदन पेश गर्दछु ।

निवेदक

सहि

नाम थर

ठेगाना

गाउँ/टोल

सम्पर्क नं.

१.निवेदकको उल्लेखित बसोबास रहेको वडा........ गाउँ/टोलको नाम.......... गाई/भैसीपालन गरिने जग्गा र घाँस रोप्ने क्षेत्रफल ....   परिवार संख्या......... उक्त ब्यवसायमा प्रत्यक्ष सहयोग परिवार संख्या........

उमेर.............. फोन नं....................... नाम.......................................................................

२.उक्त ब्यवसायमा अनुदानका लागी कहाँबाट कस्तो जातको कति रुपैयामा गाई/भैसी खरिद गरी ल्याउने योजना छ ।.......................................................................................................

३. विगतमा गाई/भैसीपालन सम्बन्धी तालिम लिएको छ छैन।गाई /भैसीपालन सम्बन्धी प्राप्त छ ।

४.उक्त ब्यवसाय सम्बन्धी नयाँ प्रविधी तथा सुचना र प्राविधिक परामर्श सम्बन्धी प्राबिधकहरुबाट सरसल्लाह लिएको छ / छैन ।..........................................................................................

५.उक्त ब्यवसाय बाट उत्पादित दुध दहि घिउ पनिर इत्यादी खरिद गरिदिने ब्यक्ति संस्था वा फर्म पहिचान गरेको छ छैन। भए नाम उल्लेख गर्ने.....................................................................

चौविसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी धनकुटा
२०७३

# अनुसुची-३

चौविसे गाउँपालिका आ.व .............. को बार्षिक स्वीकृत कार्यक्रम अनुसार उन्नत जातको गाई/भैसी खरिद ७५ प्रतिशत अनुदान कार्यक्रम अनुसार चौविसे गाउँपालिका (यस पछी प्रथम पक्ष भनिने) र श्री ................................................ (यस पछी दोस्रो पक्ष भनिने) का विच तपशिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम सँचालन गर्ने यो दुधिपक्षिय सम्झौता गरिदियौ लियौ ।

इति सम्वत ............साल...........महिना.............गते...........रोज शुभम् ।

शर्तहरु

१) उल्लेखित योजना सम्झैताबाट मिति ............. मा गरि सक्नु पर्नेछ ।
२) अनुदान सम्बन्धि कार्यक्रम जुन उदेश्यका लागी मात्र प्रयोग हुनेछ । अन्य कार्यमा प्रयोग गर्न पाईने छैन ।
३) प्रथम पंक्षले उन्नत गाई/भैसी खरिद कार्यक्रम सँचालनको लागी दोस्रो पक्षले पेश गरेको ब्यवसायिक योजना बमोजिम निम्न कृयाकलापहरुका लागी उपलब्ध गराउनेछ ।
४) मुर्रा भैसी/ होलेस्टेन गाईको हकमा बढिमा ७५ हजार र जर्सी गाईको हकमा बढीमा ५० हजार प्रथम पक्षले दोस्रो पक्षलाई बैक खातामा खरिद पश्चात जम्मा गर्नेछ । साथै वाकी रकम दोस्रो पक्ष आफैले ब्यहोनु पर्नछ ।
५) दोस्रो पक्षले पशु विमा अनिवार्य रुपमा गराउनु पर्नेछ ।
६) दोस्रो पक्षले खरिद गरि ल्याएको उन्नत गाई/भैसी सम्बन्धित वडा / पालिकामा कार्यरत्त पशु प्राविधिक बाट अनिवार्य परिक्षण गराउनु पर्नेछ ।
७) दोस्रो पक्षले यसरी अनुदानमा ल्याएको गाई/भैसीको हेरचार औषधी उपचार तथा ब्यवस्थापन आफ्नै दायित्वमा गर्नु पर्नेछ र यसरी अनुदानमा प्राप्त गरेको गाई/भैसी ३ बर्षसम्म बिक्री बितरण गर्न पाइने छैन यदी बिक्री गरेको वा मासेको पाईएमा प्रचलित कानुन बमोजिम असुल उफर गरीनेछ ।
८) दोस्रो पक्षले अनुदानमा प्राप्त गरेको गाई/भैसी बिभिन्न कारणले अनुत्पादक भएको खण्डमा पालिकामा जानकारी गराई पशु प्राविधिक बाट चेकजाँच गराई प्राविधिकले सिफारिस गरे पश्चात मात्र बिक्री गर्न पाईने छ तर त्यसको ठाँउमा नयाँ गाई /भैसी खरिद गर्नुपर्ने छ ।
९) दोस्रोपक्षले कार्यक्रम सँचालन गर्दा प्राविधिकको निर्देशन प्रचलित ऐन नियम बमोजिम हुनेछ ।
१०) गाई/भैसीबाट प्राप्त दुध बिक्रीको जानकारी प्रत्येक चौमासिक रुपमा प्रगती पालिकामा अनिवार्य बुझाउनु पर्नेछ ।
११) सम्झैता बमोजिम कार्यक्रम सम्पन्न भएपछी अन्तिम किस्ताको भुक्तानीको लागी सक्कल विल भर्पाइ ५ वटा रगिन फोटो विमा पोलीसी वडा समितीको निर्णय वडा अनुगमन समितिको निर्णय तथा योजना अनुगमन उपभोक्ता समितिको संयोजकको सिफारिस वडा कार्यालयको रकम भुक्तानीको सिफारिस पत्र बैक खाता नं.सहित उल्लेख भएको निवेदन पेश गर्नुपर्नेछ ।
१२) कार्यक्रम कार्यान्यनमा आवश्यकता अनुसार अनुगमन निरिक्षण पशु विकाश शाखाको हुनेछ ।
१३) यस सम्झैता पत्रमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ । साथै उल्लेखित शर्तहरुको ब्याख्या गर्ने सम्पुर्ण अधिकार पालिकामा निहित रहने छ । यस्तो ब्यख्या तथा निर्णय अन्तिम हुनेछ ।

प्रथम पक्षको तर्फबाट
हस्ताक्षर...............
नामः....................
पदः प्र.प्र.अ
मिति
कार्यलयको छापः

दोस्रो पक्षको तर्फबाट
हस्ताक्षर...............
नामः....................
ठेगाना
मिति
सम्पर्क नं.

रोहवर
नामः
पदः

राज कुमार लिम्बु
अध्यक्ष